# हाइड्रोईलेक्ट्रीसिटी ईन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेडको आन्तरिक नियन्त्रण प्रणाली, २०७९

<u>सञ्चालक समितिबाट स्वीकृत मितिः २०७९/१०/१७</u>

## १. परिचयः

आन्तरिक नियन्त्रण प्रणाली संस्थागत सुशासन प्रणालीको अभिन्न अङ्ग एवम् सवल र सक्षम व्यवस्थापनको आधारस्तम्भ हो । कुनै पनि संस्थाको सार्वजनिक विश्वसनियता (Public Trust) कायम गर्दै निर्धारित लक्ष्य प्राप्तिका लागि समग्र व्यवस्थापकीय कृयाकलापको कार्यदक्षता र प्रभावकारिता अभिवृद्धि गर्न तथा अनपेक्षित हानि नोक्सानीको जोखिमलाई कम गर्न संगठनभित्र असल कार्य संस्कृति सहितको उपयुक्त आन्तरिक नियन्त्रण प्रणालीको विकास र अभ्यास गर्न आवश्यक हुन्छ ।

संगठन भित्रको असल कार्य संस्कृति, स्पष्ट संगठनात्मक संरचना, निर्णय प्रक्रिया र कार्य विभाजन, प्रभावकारी जोखिम व्यवस्थापन पद्धति, आन्तरिक नीति, नियमको पर्याप्तता र सोको पूर्ण पालनाको सुनिश्चितता, प्रभावकारी व्यवस्थापन सुचना प्रणाली, व्यवस्थापकीय कार्यहरुको आवधिक अनुगमन तथा मुल्यांकन एवम् स्वतन्त्र र प्रभावकारी आन्तरिक लेखा परीक्षण नै आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता मापन गर्ने प्रमुख सूचक हुन ।

यसै सन्दर्भमा, कम्पनीको दैनिक कार्यसञ्चालन तथा व्यवस्थापन पद्धतिलाई प्रभावकारी, विधिसम्मत, विश्वसनीय र पारदर्शी बनाउन सञ्चालक समितिले कम्पनीको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गरेको छ । यो प्रणाली कम्पनीको दैनिक कार्य सञ्चालन तथा व्यवस्थापनको नीतिगत मार्गदर्शन (Policy Guideline) हुनेछ । यस नीतिगत मार्गदर्शनको अधिनमा रही आवश्यक नीति तथा कार्यविधि तर्जुमा गरी कम्पनीको आन्तरिक नियन्त्रण प्रणाली सवल बनाईने छ ।

## २. उद्देश्यः

कम्पनीको आन्तरिक नियन्त्रण प्रणालीका मुख्य उद्देश्य देहाय बमोजिम हुनेछन् :

(क) कम्पनीको दैनिक कार्य सञ्चालन तथा व्यवस्थापनलाई मितव्ययी, प्रभावकारी एवम् दक्षतापूर्वक सञ्चालन गरी कम्पनीको सार्वजनिक विश्वसनियता (Public Trust) अभिबृद्धि गर्नु,

(ख) कम्पनीको सामान्य व्यवस्थापन तथा वित्तीय व्यवस्थापन सम्वन्धी कार्य एवम् निर्णय प्रक्रिया र सो को प्रतिवेदनमा सूचना पद्धतिको उपयोग गरी व्यवस्थापन सूचना प्रणालीको विश्वसनियता, पर्याप्तता र समयवद्धताको सुनिश्चित गर्नु,

(ग) कम्पनीको दैनिक कार्य सञ्चालन तथा व्यवस्थापनसँग सम्बन्धित नीति, नियम तथा कार्यविधिको पर्याप्तता एवम् सो को पूर्ण पालनाको सुनिश्चितता गर्नु ।

## ३. निर्देशक सिद्धान्त र नीतिहरु

उल्लेखित उद्देश्य प्राप्तिका लागि कम्पनीमा देहायको निर्देशक सिद्धान्त र नीति अवलम्बन गरिनेछ:

### ३.१ व्यस्थापकीय निरीक्षण तथा नियन्त्रण संस्कृति (Management oversight and the control culture):

(क) कम्पनीको दीर्घकालीन व्यावसायीक रणनीति, वार्षिक योजना तथा कार्यक्रम एवम् कम्पनीका प्रमुख नीतिहरु स्वीकृत गर्ने, सो को आवधिक पूनरावलोकन गर्ने तथा आन्तरिक नियन्त्रण पद्धतीको विकास गर्ने प्रमुख जिम्मेवारी कम्पनीको सञ्चालक समितिको हुनेछ ।

(ख) सञ्चालक समितिका पदाधिकारी, प्रमुख कार्यकारी अधिकृत तथा उच्च व्यवस्थापनमा संलग्न कर्मचारीहरु उच्च स्तरको नैतिक आचरण पालना गर्दै कम्पनीमा प्रभावकारी आन्तरिक नियन्त्रणको सुनिश्चितताका लागि असल कार्य संस्कृतिका विकास गर्न प्रतिवद्ध रहने छन् ।

(ग) सञ्चालक समितिवाट स्वीकृत कम्पनीको व्यावसायीक रणनीति, वार्षिक योजना तथा कार्यक्रम, प्रमुख नीतिहरु तथा आन्तरिक नियन्त्रण पद्धतीको कार्यान्वयन गरी संगठनमा असल कार्य संस्कृतिको अभ्यास गर्ने गराउने प्रमुख जिम्मेवारी प्रमुख कार्यकारी अधिकृत र उच्च व्यवस्थापनको हुनेछ ।

(घ) कम्पनीका विभागीय संरचनाहरु र स्वीकृत दरवन्दी अनुसारका प्रत्येक पदहरुको काम, कर्तव्य, अधिकार तथा जिम्मेवारी, विभागीय संरचना र विभिन्न पदहरु वीचको अन्तर सम्बन्ध एवम् कार्य सम्पादन तथा निर्णय प्रक्रिया (Business Process) प्रष्ट गरिनेछ ।

### ३.२ जोखिम पहिचान तथा मूल्यांकन (Risk Recognition and Assessment)::

(क) प्रभावकारी आन्तरिक नियन्त्रण प्रणालीको प्रवर्द्धन गर्न कम्पनीको व्यवसाय र उद्देश्य प्राप्तिमा नकारात्मक असर पर्ने प्रकृतिका सम्भावित जोखिमहरुको पहिचान तथा मूल्यांकन गर्न आवश्यक विधि, पद्धति र संयन्त्रको विकास गरिनेछ ।

(ख) कम्पनीको मुख्य व्यवसाय (Core Business) लाई प्रत्यक्ष प्रभाव पार्ने तथा कम्पनीमा अनपेक्षित हानि नोक्सानी हुन सक्ने सक्ने लगानी जोखिम, तरलता जोखिम, व्याजदर जोखिम, सञ्चालन जोखिम, बजार जोखिम तथा सूचना प्रणाली जोखिमको आवधिक रुपमा पहिचान र मूल्यांकन गरी सो को न्यूनिकरणका उपायहरु खोजि गरिनेछ ।

(ग) भविष्यमा हुन सक्ने सम्भावित जोखिम र सो को असरको समयमा नै पूर्वानुमान गरी न्यूनिकरणका लागि उपयूक्त सावधानी र सतर्कता अपनाईने छ ।

**३.३ संरचना, कार्यविभाजन र कार्य प्रक्रिया (Structure, Seperation of Job and Business Process):**

(क) कम्पनीको कार्यबोझ र कार्य प्रकृतिका आधारमा संगठनात्मक संरचना तयार गरी सञ्चालक समितिको स्वीकृतिमा लागू गरिने छ ।

(ख) संगठनात्मक संरचना तयार गर्दा कार्य प्रवाह र निर्णय प्रक्रियामा आन्तरिक नियन्त्रण कायम हुने गरी प्रत्येक विभाग, शाखा र संरचनागत ईकाइहरुको कार्यविवरण प्रष्ट गरिने छ ।

(ग) विभाग, शाखा र संरचनागत ईकाइहरुको कार्यविवरण तयार गर्दा कार्य विशिष्टिकरण, आदेश र निर्देशनमा एकरुपता, आन्तरिक समन्वय तथा आन्तरिक नियन्त्रणको सिद्धान्तलाई ध्यान दिईनेछ ।

(घ) प्रत्येक विभाग तथा शाखाहरुको कार्य प्रवाह प्रक्रियालाई प्रष्ट गर्न मानक सञ्चालन पक्रिया (Standard Operating Procedure) तयार गरी लागू गरिनेछ ।

(ङ) कर्मचारी सेवाका शर्त सम्बन्धी विनियमावलीले तोकोको ढाँचामा कम्पनीका प्रत्येक पदको काम, कर्तव्य, अधिकार र जिम्मेवारी समेत प्रष्ट हुने गरी कार्य विवरण तयार गरी लागू गरिने छ ।

(च) कार्य विवरण तयार गर्दा कर्मचारीको जिम्मेवारी बाँडफाँटमा स्पष्टता कायम गर्दै दोहोरोपना र स्वार्थको द्वन्द सृजना नहुने गरी एवम् कम्पनीका कृयाकलापहरुमा आन्तरिक नियन्त्रण कायम हुने गरी गरिनेछ ।

**३.४ नीति, विनियम तथा कार्यविधिको पर्याप्तता (Adequacy of Policies, Byelaws and Guidelines) :**

(क) प्रचलित कानून एवम् नियामक निकायको निर्देशन तथा मार्ग दर्शन समेतका आधारमा कम्पनीको व्यावसायीक कार्य सञ्चालन तथा व्यवस्थापनसँग सम्बन्धित आवश्यक नीति, विनियम तथा कार्यविधि तर्जुमा गरिनेछ ।

(ख) कम्पनीका नीति, विनियम तथा कार्यविधिहरुमा वर्षमा कम्तिमा एक पटक पूनरावलोकन गरी अध्यावधिक गरिनेछ ।

## ३.५ पूर्ण पालना (Full Compliance):

(क) प्रचलित कानून, नियामक निकायको निर्देशन तथा मार्गदर्शन, कम्पनीका आन्तरिक नीति, विनियम तथा कार्यविधिहरु एवम् लेखापरीक्षण प्रतिवेदनका सुझावहरुको पूर्ण पालना गरिनेछ ।

(ख) कम्पनीले पालना गर्नु पर्ने ऐन, नीति, नियम तथा कार्यविधि एवम् नियामक निकायको निर्देशनको चेक लिष्ट तयार गरी सोको पालना गर्ने गराउने प्रमुख जिम्मेवारी प्रमुख कार्यकारी अधिकृतको हुनेछ ।

(ग) कर्मचारीले पालना गर्नु पर्ने ऐन, नीति, नियम तथा कार्यविधि एवम् नियामक निकायको निर्देशन आदिका सम्बन्धमा कर्मचारीलाई सुसूचित एवम् अध्यावधिक गराउन आवधिक रुपमा अभिमूखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

## ३.६ लेखा, वित्तीय प्रतिवेदन तथा लेखापरीक्षण (Accounting, Financial Reporting and Auditing) :

(क) प्रचलित कानून बमोजिम स्थापित नियामक निकायबाट जारी भएका लेखा तथा वित्तीय प्रतिवेदन मान (Accounting and Reporting Standards) बमोजिम कम्पनीको लेखा तथा वित्तीय प्रतिवेदन तयार गरिनेछ ।

(ख) कम्पनीको लेखाको व्यवसायीक लेखापरीक्षकबाट आन्तरिक लेखापरीक्षण गराईनेछ ।

(ग) आन्तरिक लेखापरीक्षकले कम्पनीको लेखापरीक्षण गरी त्रैमासिक प्रतिवेदन तयार गर्नेछ । त्यस्तो आन्तरिक लेखापरीक्षण प्रतिवेदन उपर लेखापरीक्षण समितिमा छलफल हुनेछ ।

(घ) एउटै व्यवसायिक लेखापरीक्षक वा निजको साझेदारलाई लगातार तीन पटक भन्दा बढी आन्तरिक लेखापरीक्षकमा नियुक्ति गरिने छैन ।

(ङ) प्रचलित कानून बमोजिम महालेखा परीक्षकको परामर्शमा साधारण सभाबाट कम्पनीको बाह्य लेखापरीक्षक नियुक्ति गरिनेछ ।

## ३.७ प्रभावकारी व्यवस्थापन सुचना प्रद्धति (Effective Management Information System):

(क) कम्पनीको दैनिक व्यावसायिक कार्य सञ्चालन, आर्थिक कारोवार, लेखा तथा सोको प्रतिवेदन प्रक्रियालाई सूचना पद्धतिमा आधारित बनाई त्यस्तो कार्यमा मानवीय हस्तक्षेप (Human Intervension) कम गर्दै कागज रहित (Paperless) बनाउँदै लगिनेछ ।

(ख) निर्णय प्रक्रिया तथा प्रतिवेदनका लागि आवश्यक पर्ने व्यवस्थापकीय सूचनाहरु स्वचालित रुपले उत्पादन र प्रवाह हुने गरी प्रभावकारी व्यवस्थापन सूचना प्रणालीको विकास तथा कार्यान्वयन गरिनेछ ।

(ग) कम्पनीका सूचना तथा जानकारीहरुको विश्वसनीयता, समयवद्धता, पर्याप्तता एवम् पहुँचयोग्यता जस्ता पक्षहरु सुनिश्चित हुने गरी पूर्व निर्धारित ढाँचामा प्रवाह गरिनेछ ।

**३.८ योजना, कार्यक्रम तथा बजेट (Planning, Programing and Budgeting):**

(क) कम्पनीको दीर्घकालीन व्यवसायिक रणनीतिक योजना तयार गरी त्यसका आधारमा कम्पनीका गतिविधिहरु अघि बढाईनेछ ।

(ख) दीर्घकालीन व्यवसायिक रणनीतिक योजनाका आधारमा कम्पनीको वार्षिक योजना, कार्यक्रम तथा बजेट तर्जुमा गरिनेछ ।

(ग) बजेटको तर्जुमा, स्वीकृति, निकासा तथा समीक्षालाई व्यवस्थित गर्न बजेटद्वारा नियन्त्रण प्रणाली (Budgetary Control System) को प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

**३.९ प्रतिवेदन, अनुगमन तथा मुल्यांकन:**

(क) देहायका विवरणहरुको त्रैमासिक रुपमा सञ्चालक समितिमा समीक्षा हुनेछः

- वार्षिक बजेट तथा कार्यक्रमको कार्यान्वयनको अवस्था,
- सञ्चालक समितिका निर्णय तथा निर्देशनहरुको कार्यान्वयनको अवस्था,
- कार्यसम्पादन करार र कार्य सम्पादन सूचक बमोजिम प्रमुख कार्यकारी अधिकृतको कार्यसम्पादनको अवस्था ।

(ख) आन्तरिक नियन्त्रण प्रणालीको कार्यान्वयन अवस्थाका सम्बन्धमा अनुगमन तथा मूल्याङ्कन गर्ने गराउने कार्य सञ्चालक समिति र लेखापरीक्षण समितिबाट हुनेछ ।

(ग) सञ्चालक समितिबाट स्वीकृत नीति, नियम, कार्यविधि तथा निर्देशिका यथोचित रुपमा कार्यान्वयन गरी कम्पनीको आन्तरिक नियन्त्रण प्रणालीको प्रवर्द्धन गर्ने गराउने प्रमुख जिम्मेवारी प्रमुख कार्यकारी अधिकृतको हुनेछ ।

**४. आन्तरिक नियन्त्रण तथा अनुपालना समितिः**

**४.१ कम्पनीमा देहायको आन्तरिक नियन्त्रण तथा अनुपालना समिति रहनेछः**

(क) प्रमुख कार्यकारी अधिकृत - संयोजक,

(ख) नायव प्रमुख कार्यकारी अधिकृत (वित्त) - सदस्य,

(ग) विभागीय प्रमुख, वित्तीय विश्लेषण तथा जोखिम व्यवस्थापन विभाग - सदस्य,

(घ) विभागीय प्रमुख, वित्तीय तथा सामान्य व्यवस्थापन विभाग - सदस्य सचिव ।

**४.२ आन्तरिक नियन्त्रण तथा अनुपालना समितिको काम, कर्तव्य तथा जिम्मेवारी देहाय बमोजिम रहेको छः**

(क) प्रचलित नीति, नियम, कार्यविधि तथा निर्देशिकाको पर्याप्तता र सो को अनुपालनाको अवस्थाको समिक्षा गर्ने,

(ख) कम्पनीको समग्र आन्तरिक नियन्त्रण प्रणालीको समिक्षा गरी समस्या पहिचान गर्ने तथा आवश्यक सुधार गर्ने,

(ग) लेखापरीक्षण प्रतिवेदनमा औंल्याईएका बेरुजु तथा अन्य कैफियतहरुको फट्यौंट गर्ने/गराउने,

(घ) सञ्चालक समिति तथा नियामक निकायबाट प्राप्त निर्देशनको कार्यान्वयन तथा पालनाको अवस्थाको समिक्षा गर्ने गराउने ।